# मेरा अधिकारहरू के के छन्?

तपाईको केकस्ता स्वास्थ्य जानकारी संचित गरिएको छ र यसलाई  कसरी र किन संकलन गरियो अनि  यसको प्रयोग केका लागि भइरहेको छ भन्ने कुरा थाहा पाउने तपाईको अधिकार छ।

तपाईले आफ्नो स्वास्थ्य रेकर्ड हेर्न माग्न सक्नुहुन्छ र यदि त्यहाँ गलत बिवरण भेटिएमा त्यसलाई सच्याउन अनुरोध गर्न सक्नुहुन्छ। तपाईकले  आफ्नो स्वास्थ्य रेकर्ड अर्को स्वास्थ्य सेवा प्रदायकलाई पठाइ दिन पनि अनुरोध गर्न सक्नुहुन्छ । यी अनुरोधहरू अस्वीकार गरिएमा, तपाईलाई लिखित रूपमा त्यसको कारण दिनुपर्छ।



थप जानकारी पाउन वा अनलाइन उजुरी फारम भर्न, **www.hcc.vic.gov.au** मा जानुहोस्।

तपाईको उजुरी बारे छलफल गर्न सोमवार देखि शुक्रबार सम्म, बिहान ९ बजे देखि साँझ 5 बजे भित्र बीच **1300 582 113** मा फोन गर्नुहोस्।

HEALTH
COMPLAINTS
COMMISSIONER



HEALTH
COMPLAINTS
COMMISSIONER

# मेरो स्वास्थ्य रेकर्ड मेरा अधिकारहरू

Nepali | नेपाली

सुरक्षित र नैतिक स्वास्थ्य समर्थन गर्दै



# मेरो स्वास्थ्य जानकारी कसले राख्छ?

अस्पताल र दन्त चिकित्सक जस्ता स्वास्थ्य सेवा प्रदायकहरु, तथा विद्यालय, बीमा र सरकारी एजेन्सीहरू जस्ता गैर-स्वास्थ्य सेवा प्रदायकहरु सबैले स्वास्थ्य जानकारी संकलन गर्छ। तिनीहरूले तपाईको चिकित्सा इतिहासहरू, परीक्षण नतिजा, बिरामी बिदा प्रमाणपत्र, औषधी सूची र अन्य बिवरणहरू राखेको हुन सक्छ। यदि उनीहरूले रेकर्ड बनाउन भने, त्यसको स्वामित्व उनीहरूकै हुन्छ।

# उनीहरूको दायित्व के कस्ता छन्?

स्वास्थ्य जानकारी तपाईको अनिमति लिएर  मात्र संकलन गर्नुपर्छ र यो केवल संकलित उद्देश्यका लागि  मात्र प्रयोग गर्नुपर्छ। असम्बन्धित उद्देश्य लागि यसको प्रयोग गर्न उनीहरूलाई तपाईको अनुमति चाहिन्छ।

उनीहरूको जानकारी सही, ताजा र यसलाई संकलन गर्नेको कामसँग सम्बन्धित हुनुपर्छ। तपाईको गोपनीयताको रक्षा गर्न सुरक्षित तरिकाले जानकारीको संचय, प्रसारण र नष्ट गर्नु पर्छ । तपाईको प्रदायकलको परिसर स्थानान्तरण भएमा वा बन्द भएमा उनीहरूले सार्वजनिक सूचना प्रकाशन गर्नुपर्छ।

# म मेरो रेकर्डको पहुँच कसरी गर्न सक्छु?

सब भन्दा पहिला तपाईले आफ्नो स्वास्थ्य रेकर्ड राख्नेलाई सम्पर्क गर्नु पर्छ। यदि तपाईलाई उनीहरूको जवाफ चित्त बुझेन भने तपाईले उजुरी गर्न सक्छन्।

Health Complaints Commissioner  (स्वास्थ्य उजुरीहरु आयुक्त) ले स्वास्थ्य प्रदायक र भिक्टोरियामा स्वास्थ्य जानकारी धारण गर्ने कुनै पनि निजी संस्थाको माथिका उजुरीहरू सम्हाल्छ।

सार्वजनिक संस्थाको संगठनहरूले सम्हाल्ने स्वास्थ्य रेकर्डको बारेमा उजुरी सूचना स्वतन्त्रता आयुक्तलाई पठाउनुहोस्।

हाम्रो कार्यालयले तपाईको रेकर्ड पहुँच गर्न वा सच्याउन, कारण खुलाउन, क्षमा याचना र रकम फिर्ता गराउन वा सेवा प्रदायकले स्वास्थ्य जानकारी सम्हाल्ने तरिका परिवर्तन गराउन मदत गर्न सक्छ ।

हाम्रो सेवा, निःशुल्क, गोप्य र निष्पक्ष हुन्छ।

### हामीलाई सम्पर्क गर्नुहोस्

थप जानकारी पाउन वा अनलाइन उजुरी फारम भर्न, **www.hcc.vic.gov.au** मा जानुहोस्।

तपाईको उजुरी बारे छलफल गर्न सोमवार देखि शुक्रबार सम्म, बिहान 9 बजे देखि साँझ 5 बजे भित्र बीच **1300 582 113** मा फोन गर्नुहोस्।

हामीलाई Level 26, 570 Bourke Street, Melbourne Victoria 3000 मा भेट्न आउनुहोस् वा पत्राचार गर्नुहोस्।

बहिरा, राम्ररी सुन्न वा बोल्न सक्नुहुन्न?
**relayservice.gov.au**

दोभाषे चाहिन्छ?
टिआईएस नेसनल: **131 450**

यो जानकारी सामान्य प्रकृतिको हो र कानूनी सल्लाह दिने उद्देश्यले होइन